**भारतीय राजदूतावास**

**काठमाडौं**

**प्रेस विज्ञप्ति**

## नेपाललाई निर्वाचन सम्बन्धी सहयोगको दोस्रो खेप उपहारस्वरुप प्रदान

नेपालका माननीय अर्थमन्त्री श्री रामेश्वरप्रसाद खनालको उपस्थितिमा भारतद्वारा निर्वाचन सम्बन्धी सहयोगको दोस्रो खेप नेपाललाई उपहारस्वरुप प्रदान गरियो । मिति २०८२ माघ १५ गते काठमाडौंस्थित अर्थ मन्त्रालयमा आयोजित एक समारोहमा कार्यवाहक राजदूत डा. राकेश पाण्डेले औपचारिक रुपमा २५० भन्दा बढी सवारी साधनहरु नेपाल सरकारलाई हस्तान्तरण गर्नुभयो । यी सामग्रीहरु आगामी निर्वाचनको तयारीका लागि नेपाल सरकारले माग गरेबमोजिमको सहयोगको एक हिस्सा हुन् ।

२. कार्यक्रममा बोल्दै अर्थमन्त्री श्री रामेश्वरप्रसाद खनालले नेपाल र भारतबीचको लामो समयदेखिको सहकार्य र मैत्रीपूर्ण सम्बन्धको चर्चा गर्नुभयो । यो सहयोगका लागि भारत सरकार र भारतीय जनतालाई धन्यवाद व्यक्त गर्दै वहाँले आगामी निर्वाचनको तयारीमा यी सामग्रीहरुको महत्वको कदर समेत गर्नुभयो ।

३. भारत सरकारद्वारा प्रदान गरिएको यस्तो निर्वाचनसम्बन्धी सहयोगको पहिलो खेप यसअघि माघ ६ गते नेपाललाई हस्तान्तरण गरिएको थियो । आगामी हप्ताहरुमा थप सामग्रीहरु विभिन्न ब्याचमा उपलब्ध गराइने अपेक्षा गरिएको छ ।

४. भारतीय पक्षबाट भइरहेको यो सहकार्य र समर्थन दुई देशबीच रहिआएको बहुआयामिक र बहुक्षेत्रीय विकास साझेदारीको उपयुक्त प्रतिबिम्ब मात्र नभई भारत र नेपालका जनताबीचको गहिरो आपसी विश्वास र मित्रताको प्रतीक पनि हो ।

काठमाडौँ

२०८२ माघ १५